# साझा सेवाले राजधानीका ४ स्थानमा 'चार्जिङ स्टेसन' बनाउने

२३ घण्टा अगाडि 3698 ऊर्जा खबर/काठमाडौं

336 Shares Share Tweet Share Share

साझा सेवाले राजधानीका ४ स्थानमा विद्युतीय सवारी साधनको ब्याट्री चार्ज गर्ने 'चार्जिङ स्टेसन' निर्माण गर्ने भएको छ । विद्युतीय सवारी साधनको प्रवर्द्धन गरी आयातित ऊर्जा कम गर्ने उद्देश्यले चार्जिङ स्टेसन निर्माण गर्न लागिएको हो ।

पहिलो चरणमा बल्खु, पुल्चोक, सानेपा र बनेपामा चार्जिङ स्टेसन निर्माण गर्ने योजना अघि सारिएको साझाका कार्यकारी निर्देशक दिनेश पौडेलले बताए ।

'विद्युत्को माग र आपूर्ति व्यवस्थापन सहज भएपछि विद्युतीय सवारी साधनप्रतिको आकर्षण पनि बढेको छ,' उनले बुधबार ऊर्जा खबरसँग भने, 'अबको ३ वर्षमा विद्युतीय ऊर्जामा आत्मनिर्भर हुन सकिने भएकाले आन्तरिक खपत बढाउन चार्जिङ स्टेसन निर्माण गर्दैछौं ।'

पेट्रोलियम पदार्थको बिक्री वितरण गर्दै आएको साझाले आधा घन्टामा विद्युतीय सवारी पूर्णरूपमा चार्ज गर्न सकिने उच्च क्षमताको चार्जिङ स्टेसन निर्माण गर्ने पनि पौडेलले बताए ।

बल्खुमा ठूला बस तथा ट्रकको ब्याट्री चार्ज गर्न मिल्ने संरचना निर्माण हुनेछ । अन्य स्थानमा साना निजी सवारी साधन चार्ज गर्न मिल्ने संरचना साझाले तयार गर्नेछ ।

उनका अनुसार रातको समयको विद्युत उपयोग गरी बढी क्षमताका ब्याट्री चार्ज गरेर दिउँसो सवारी साधनकालागि खपत गरिने छ ।

चार्जिङ स्टेसन निर्माण गर्ने प्रस्ताव साझाको हालै सम्पन्न साधारणसभाले पनि पारित गरेको छ ।